# मधेसमा नेपाली काङ्ग्रेस

**डा. विजयप्रसाद मिश्र**

सहप्राध्यापक, इतिहास केन्द्रीय विभाग, त्रिवि, कीर्तिपुर । इमेल : vijaymishra40@gmail.com

## लेखसार

नेपाली काङ्ग्रेसले आन्दोलनको सुरुवात मधेसबाट गरेको थियो । मधेसमा नेपाली काङ्ग्रेसले पार्टीको महाधिवेशनदेखि सशस्त्र भूमिगत आन्दोलन र सत्याग्रह गरेका छन् । राणा राजा र पञ्चायतको विरुद्धमा नेपाली काङ्ग्रेसले गरेका आन्दोलनको पलपलमा मधेस र मधेसीको साथ सहयोग रहदै आएको छ। मधेसको योगदानलाई कदर गर्दै रामनारायण मिश्र, परशुनारायण चौधरी, महेन्द्र नारायण निधी, डा. रामबरण यादवलाई काङ्ग्रेसले महामन्त्रीसम्म बनाएको थियो । विभिन्न पदाधिकारी र केन्द्रीय सदस्य भएका मधेसमूलकाहरूमा विजयकुमार गच्छदार, विमलेन्द्र निधी, महन्थ ठाकुर, चित्रलेखा यादव र सीतादेवी यादव, सूर्यनाथ दास यादव, राधाकृष्ण थारु र देवनाथदास यादव, शेख इद्रिसलगायतको नाम आउँछ। पछिल्लो समय नेपाली काङ्ग्रेसले आफ्नो विधानमा समावेशीको अवधारणा ल्याएपछि मधेसीमूल र थारुहरूबाट तोकिएकै सङ्ख्यामा केन्द्रीय सदस्यहरू भएका थिए। नेपाली काङ्ग्रेसले नेपालमा प्रजातन्त्र ल्याउनका लागि वि.सं. २००७ साल, वि.सं. २०१८ साल र वि.सं. २०३१ सालमा गरेको सशस्त्र आन्दोलनमा सहभागी भएर मधेसमूलका धेरैले शहादत प्राप्त गरेका थिए। राणाशासनविरुद्ध गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा विराटनगरको जुल मिलमा सञ्चालन भएको मजदुर आन्दोलनलाई हौसला दिन आएका भारतीय नागरिक कुलदीप झा शहीद भएदेखि मधेसमूलका मानिसहरूले बलिदानी दिन सुरु गरेका थिए। राजा महेन्द्रलाई जनकपुरमा बम हानेका दुर्गानन्द झालाई २०२० माघ १५ गते फाँसी दिएका थिए। नेपाली काङ्ग्रेसले आह्वान गरेको जुनसुकै आन्दोलनमा मधेसमूलकाहरू सहभागी भएर सशादत प्राप्त गरेका थिए । नेपाली काङ्ग्रेसका लागि मधेसबाट धेरै शहीद भए । नेपाली काङ्ग्रेसलेसमेत मधेसीमूलका नेतालाई सांसद, मन्त्री, उपप्रधानमन्त्री र प्रथम राष्ट्रपतिसमेत बनाएको छ तर पनि मधेसका नेपाली काङ्ग्रेसका नेता, कार्यकर्ता र समर्थकहरूले मधेसले गरेको योगदानका आधारमा अवसरहरू नपाएको बताइरहेका छन् ।

## शब्दकुञ्जी

अन्धाधुन्द, निरंकुशता, झ्यालखाना, आत्मसमर्पण र समावेशीता

## परिचय

मधेस भन्नाले दक्षिणतिर भारतीय सीमासँग जोडिएको नेपालको समथर भूभाग हो । जसलाई हामी तराई भनेर पनि सम्बोधन गर्दछौं तराई शब्दले भौगोलिक परिवेशलाई जनाउँछ भने मधेस शब्दले सामाजिक-सांस्कृतिक परिवेशलाई जोडेर बुझ्ने चलन छ। मधेस आन्दोलनपछि मधेस शब्द राजनीतिक र सरकारी रूपमै स्वीकारिएको शब्द हो । मधेसीमूलका मानिसहरूको बसोवास भएको तराईका समथर भूभागलाई मधेस भनेर सम्बोध गर्ने चलन बढेर गएको छ। त्यसैले नेपालको सातवटा प्रदेशअन्तर्गत मधेस प्रदेशलाई सप्तरी, सिरहा,

धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा गरी आठवटा जिल्ला समेटेर बनाइएको छ तर मधेसलाई आठ जिल्लामात्र मान्न मधेस केन्द्रित दलहरू तयार छैनन् । त्यसैले मेचीदेखि महाकालीसम्म दक्षिणमा भारतीय सीमासँग जोडिएको १८ जिल्ला मधेसअन्तर्गत पर्दछन् । यहाँ नेपाली काङ्ग्रेसको मधेसको इतिहास लेख्दा मुख्य रूपमा आठ जिल्लाको मधेस प्रदेशलाई केन्द्रविन्दुमा राखेर व्याख्या गरिएको भए पनि मेची महाकालीको तराईका सबै जिल्लामा भएका नेपाली काङ्ग्रेसका गतिविधिहरूलाई थोरबहुत प्रसङ्ग र सन्दर्भअनुसार गुणात्मक ढाँचामा व्याख्या विश्लेषण गरिएको छ ।

नेपाली काङ्ग्रेस पार्टी स्थापना २००६ चैत २७ मा नेपाल राष्ट्रिय काङ्ग्रेस र नेपाल प्रजातान्त्रिक काङ्ग्रेसको एकीकरणबाट भएको थियो (गौतम, २०५५) । वि. सं. २००३ माघ १२ र १३ गते कलकत्तामा भएको भेलाले नेपाली राष्ट्रिय काङ्ग्रेसको स्थापना गरेको थियो । स्थापना भएको दुई महिना नपुग्दै २००३ चैतमा विराटनगरमा रहेको जुटमिलमा आन्दोलन भयो (दाहाल,२०७२) । गिरिजाप्रसाद कोइरालाले आन्दोलनको नेतृत्व गरेका थिए । पछि बी.पी. कोइरालासमेत आन्दोलनमा सहभागी हुन विराटनगर आएका थिए । बी. पी. विराटनगरमा आनदोलनको क्रममा पक्राउ परेका थिए । मधेसको विराटनगरबाट सुरु भएको जुटमिलको आन्दोलन पछि नेपाली काङ्ग्रेस स्थपना भइसकेपछि मेचीदेखि महाकालीसम्म मधेसका जिल्ला सदरमुकाम, सहरहरू र केही गाउँमासमेत धेरै संघर्ष-सत्ता- संघर्ष -सत्ताको काम गरेको छ ।

मधेस प्रजातन्त्रका लागि भएका संघर्षमा अग्रणी भूमि हो जसको अगुवाई वि.सं. २००७ साल होस् या वि.सं. २०४६ वा वि.सं. २०६२।०६३ कै जनआन्दोलनहरू किन नहोस्, नेपाली काङ्ग्रेसले अगुवाई गरेर सफलता प्राप्त गरेको थियो । प्रत्येक आन्दोलनमा मधेसले साथ दिएको छ । मधेसबाट शहिद भएका छन् । मधेसले नेपाली काङ्ग्रेसकै तर्फबाट पहिलो मधेसीमूलको राष्ट्रपति रामवरण यादव पाएको थियो । प्रजातान्त्रिक दल भएको हुनाले सुरुदेखि नै मधेसमा नेपाली काङ्ग्रेसको प्रभाव बलियो थियो । यस क्षेत्रका बासिन्दाले प्रजातन्त्रका लागि नेपाली काङ्ग्रेसलाई नै विश्वस गरेका थिए । नेपाली काङ्ग्रेसको इतिहास मधेसको भूमिकाको उल्लेख नगरी पूरा भएको मान्ने सकिँदैन । प्रजातन्त्रका लागि नेपाली काङ्ग्रेसले गरेको जुनसुकै आनदोलनको संघर्षमा नेपाली काङ्ग्रेस र मधेस आपसमा जोडेरै हेर्नुपर्दछ । प्रत्येक आन्दोलनमा मधेस जागेको छ । मधेसमा शहिद भएका छन् । यही भएर नेपाली काङ्ग्रेसले गरेका आन्दोलनहरू होस् वा महाधिवेशन र सम्मेलनहरू होस् त्यसमा मधेसको साथ के कस्तो थियो ? कालान्तरमा मधेस र मधेसीले नेपाली काङ्ग्रेसबाट के-के अवसरहरू पाए भन्ने विषयमा केन्द्रित रहेर '**मधेसमा नेपाली काङ्ग्रेस**' शीर्षकमा अनुसन्धानात्मक लेख तयार गरिएको छ ।

## उद्देश्य

मधेसमा नेपाली काङ्ग्रेसको स्थापना कालदेखि वर्तमानसम्मको ऐतिहासिक गतिविधिहरू, मधेसले नेपाली काङ्ग्रेसका लागि गरेको योगदानहरू र नेपाली काङ्ग्रेसबाट मधेसले पाएको अवसर र वर्तमानमा नेपाली काङ्ग्रेस मधेसमा कसरी गुज्रिरहेको छ भन्ने विषयको उजागर गर्नु यस अनुसन्धानात्मक लेखको उद्देश्य रहेको छ ।

## विधि

राजनीतिक पार्टीको ऐतिहासिक सन्दर्भको खोजविन भएकोले गुणात्मक ढाँचामा अनुसन्धान गरिएको छ । स्रोतहरू सङ्कलनका लागि प्राथमिक र द्वितीय स्रोतहरूको प्रयोग गरिएको छ । प्राथमिक स्रोतका रूपमा

अवलोकन, अन्तर्वार्ता, समुहगत छलफल, चिठ्ठीपत्र, पर्चा, निर्णय पुस्तिकाका आधारमा र द्वितीय स्रोतका रूपमा पत्रपत्रिकामा प्रकाशित समाचार र लेखहरू, जर्नलमा प्रकाशित अनुसन्धानात्मक लेखहरू, पुस्तकहरूबाट प्राप्त भएका सूचनाहरूको विश्वसनीयता परीक्षण गरी प्राप्त सत्य -तथ्यहरू सूचनालाई व्याख्यात्मक शैलीमा प्रस्तुति गरिएको छ।

## नेपाली काङ्ग्रेसको केन्द्रीय समितिमा मधेसीहरूको प्रतिनिधित्व

नेपाल राष्ट्रिय काङ्ग्रेस र नेपाल प्रजातान्त्रिक काङ्ग्रेसको एकता अधिवेशन २००६ चैत २७ गते कलकत्तामा भएको थियो । त्यहीबाट नेपाली काङ्ग्रेसको जन्म भएको हो । नेपाली काङ्ग्रेस गर्भमै रहेको बेलादेखि मधेसीमूलका नेता, कार्यकर्ताहरूले साथ सहयोग दिइरहेका थिए। महेन्द्र नारायण निधि वि.सं. २००४ सालमा राणाशासनको विरोध गरेकाले जेल चलान भएर वि.सं. २००६ सालमा छुटेका थिए (दाहाल, २०७२) । महेत्तरीमा सामाजिक संस्थाका रूपमा 'लोक सेवक संघ' खोलेर भद्रकाली मिश्र र राम नारायण मिश्रले सामाजिक काम गरिरहेको बेला उनीहरू राणा शासकबाट पक्राउ परेर छुटेका थिए। वि.सं. २००७ सालमा राणा, काङ्ग्रेस र राजाबिच दिल्लीमा बार्ता भइरहेको बेला यता रामनारायण मिश्र र भद्रकाली मिश्रले आफ्नो सामाजिक संस्था 'लोक सेवक सङ्घ'लाई नेपाली काङ्ग्रेसमा विलय गराए (दाहाल, २०७२) । भद्रकाली मिश्रलाई राणा-काङ्ग्रेस सरकारमा यातायात मन्त्री बनाइयो। ररामनारायण मिश्रलाई नेपाली काङ्ग्रेसको केन्द्रीय सदस्य बनाइयो (दाहाल, २०७२)।

वि.सं. २००७ सालको क्रीन्त सफल भएपछि नेपाली काङ्ग्रेसले वि.सं. २००९ साल जेठ १० देखि १३ गतेसम्म जनकपुरमा पाँचौं महाधिवेशन गरेको थियो । जनकपुरमा भएको महाधिवेशन लगतै भद्रकाली मिश्रले 'जन काङ्ग्रेस' गठन गरेका थिए। यहीबाट नेपाली काङ्ग्रेसको नेतृत्व वर्गले मधेसी नेताहरूबिच भएको गुटबन्दीमा एउटा गुटलाई प्रोत्साहन दिने र अर्कोलाई भित्तामै पुऱ्याउने चलनले गर्दा मधेसमा नेपाली काङ्ग्रेसबिचमै गुटको राजनीतिको विजारोपण भएको थियो।

नेपाली काङ्ग्रेसको छैटौँ महाधिवेशन २०१२ माघ १० देखि १२ गतेसम्म वीरगञ्जमा भएको थियो। २०१३ सालमा नेपाल प्रजा पार्टी र नेपाली काङ्ग्रेसको एकता भयो। नेपाली काङ्ग्रेसले नयाँ परिस्थितिमा २०१४ जेठ ११ र १२ गते विराटनगरमा विशेष महाधिवेशन गऱ्यो। जसमा बी.पी. कोइराला सर्वसम्मत सभापति भए भने केन्द्रीय समितिमा मधेसमूलका रामनारायण मिश्र, परशुनारायण चौधरी, सूर्यनाथ दास यादव निर्वाचित भएका थिए। वि.सं. २०१४ सालको महाधिवेशनमा मधेसीमूलका नेपालीहरू केन्द्रीय समितिमा पुगिसकेका थिए। छैठौं अधिवेशनसम्म मधेसका सहरहरू जनकपुर, वीरगञ्ज र विराटनगरमा अधिवेशनहरू भएका थिए जसले नेपाली काङ्ग्रेसलाई मधेसमा सँगठित हुन, मधेसीहरूलाई व्यापक सहभागी गराउन सहज भएको थियो।

नेपाली काङ्ग्रेसले संसदीय निर्वाचन गराउन राजा महेन्द्रलाई दवाव दिनका लागि देशव्यापी आन्दोलनहरू गरेको थियो । मधेसमामा जिल्ला-जिल्लामा प्रतिनिधि पठाएर आन्दोलनहरू सञ्चालन गरिएको थियो । सिरहामा २०१४ सालमा नेपाली काङ्ग्रेसले गरेको भद्र अवज्ञा आन्दोलनको नेतृत्व महेन्द्र नारायण निधिले गरेका थिए (दाहाल, २०७२)।

वि.सं. २०१५ सालमा भएको संसदीय निर्वाचनमा मधेसमा मधेसीहरूलाई उम्मेदवार बनाएर नेपाली काङ्ग्रेसले १०९ मध्ये ७४ सिट जितेको थियो। जसमा मधेसको योगदान ठुलो छ। सप्तरीको ३५ नं. क्षेत्रबाट विरबल

विराजी, ३६ नं. मा डा. नागेश्वरप्रसाद सिंह, ३७ नं. मा रामेश्वर वावुप्रसाद सिंह ३८ नम्बरमा सूर्यनाथ यादव सिरहा, ३९ नम्वरमा देवनाथप्रसाद यादव औरही र ४० नं. मा माधवप्रसाद रेग्मी नेपाली काङ्ग्रेसका उम्मेदवार थिए। बीरवल विराजीले चुनाव हारे। गोरखा परिषदको दुर्गानन्द चौधरीले ३५बाट चुनाव जिते, १५० भोटले बीरवल विराजी हारेका थिए। रामेश्वर बाबु ३७ नम्वरबाट हारेका थिए उनलाई स्वतन्त्र उम्मेदवार हरिहर प्रसाद चौधरीले हराएका थिए। नेपाली काङ्ग्रेसले गजेन्द्र नारायण सिंहलाई सांसदको टिकट नदिएपछि सम्पतरीमा काङ्ग्रेसको बाहुल्य हुँदा हुँदै दुईवटा सिट गुमाउनुपरेको थियो (वीरबल विराजी, अन्तर्वार्ता, २०८२ असार २०)। गजेन्द्र नारायण सिंहले वि.सं. २०१५ मा नेपाली काङ्ग्रेसबाट टिकट नपाएपछि उनले रामेश्वरप्रसाद सिंहलाई हराएका थिए।

वि.सं. २०१५ सालको संसदीय प्रणालीमा महेन्द्र नारायण नीधि उपसभामुख थिए (दाहाल, २०७२)। नेपाली काङ्ग्रेसको सहमहामन्त्रीसमेत बनेका राम नारायण मिश्रलाई २०१५ सालको निर्वाचनमा महोत्तरीको ४४ नं. क्षेत्रबाट पार्टीले उम्मेदावर बनएको र निर्वाचनमा जितेकाले उनी विपी कोइरालाको सरकारमा उद्योग तथा वाणिज्य उपमन्त्रीसमेत बनेका थिए। मधेसीहरू राजासँग डाउँछन् भन्ने काङ्ग्रेस नेताहरूको व्यङ्ग्यलाई निस्तेज पार्दै बीपीसँगै काराकारमा बसेका थिए।

वि.सं. २००७ सालको आसपास मधेसमा राणाहरूको धेरै कामतहरू थिए। सप्तरीको कोइलाडी, सुब्बा औरहीको कामत थियो। सूर्यनाथ वाबु देवानन्द वाबुका जग्गाहरू प्रशस्त थिए। बीपीले जग्गा बाँडनु भन्ने नीतिको गजेन्द्र नाारायण सिंहले विरोध गरेका थिए। जग्गाको हदबन्दीमा मधेसका जमिन्दारहरूको विरोध थियो। त्यसैले सुरुमा काङ्ग्रेसमा रहेका केही जमिन्दारहरू बीपीको उक्त नीतिका कारण लाखापाखा लागेका थिए। वि.सं. २००८ सालमा तराई काङ्ग्रेस खोल्ने कारणमा नेपाली काङ्ग्रेसका नेता बीपीको भारतीय राजदुत र भारतका प्रधानमन्त्रीसँग केही कुरामा विमति हुन थालेपछि भारतकै बीपीको सोच विरोधी शक्तिले मधेसमा क्षेत्रीय राजनीतिक पार्टीहरू खोल्न हौसाएको थियो। त्यसको अर्को उपज गजेन्द्र नारायण सिंहको नेतृत्वमा 'पूर्वाञ्चल काङ्ग्रेस' खुल्नु, पछि गएर वि.सं. २०४१ मा सद्भावना परिषद खोलिनुजस्ता क्रियाकलाप मधेसमा भएको पाइन्छ।

राजा महेन्द्रले वि.सं. २०१७ पुस १ गते कू गरेपछि भने मधेसको राजनीतिमा फरक अवस्था सृजना भएको थियो।

> २०१७ सालमा राजा महेन्द्रले कू गरेपछि हामी निर्वासित भयौं। म बीरपुको इन्चार्ज थिए। कुनौली र जयनगरमा पनि सम्पर्क कार्यालयहरू नेपाली काङ्ग्रेसले गठन गरेको थियो। सुब्बा औरहीदेखि पारी भारतमासमेत नेपाली काङ्ग्रेसको क्याम्प बनाइएको थियो। तत्कालीन अवस्थामा हेडक्वाटर दरभंगामा थियो। नेपाली काङ्ग्रेसको पटनामा अधिवेशन भएको थियो। बीरगंजनजिक रक्सौलमा काङ्ग्रेसका कार्यकर्ताहरू मारिएका थिए। झिझाका डाकाहरू प्रयोग गरेर नेपाली काङ्ग्रेसका नेताहरू मार्ने चलन थियो। (बीरवल विराजी, अन्तर्वार्ता, वि.सं. २०८२ असार २०)।

नेपाली काङ्ग्रेसको सातौं महाधिवेशन २०१७ बैशाख २५ देखि ३१ सम्म काठमाडौँको महाराजगञ्जस्थित लक्ष्मी निवासमा भएको थियो। केन्द्रीय कार्यसमितिमा मधेसमूलका राधाकृष्ण थारु र देवनाथदास यादवसमेत चुनिएका थिए। वि.सं. २०१७ पुष १ गते राजा महेन्द्रले कू गरेपछि निर्वासनमा रहेका नेपाली काङ्ग्रेसका नेता सुवर्ण शमशेरको अगुवाईमा वि.सं. २०१७ माघ १२ देखि १४ सम्म पटनामा विशेष सम्मेलन बोलाए। यो

सम्मेलनमा अन्य पार्टीका नेताहरू नेपाल प्रजापरिषद् (मिश्र) का अध्यक्ष भद्रकाली मिश्र, संयुक्त प्रजातन्त्र पार्टी नेपालका महामन्त्री काशीप्रसाद श्रीवास्तव तराई काङ्ग्रेसका महामन्त्री रामजनम तिवारीलगायत सहभागी भएर नेपाली काङ्ग्रेसमै प्रवेशसमेत गरेका थिए। वि.सं. २०१७ सालमा नेपाली काङ्ग्रेसलाई फोड्नका लागि मन्त्री, सांसद बनाइदिन्छु भन्दै राजाले पठाएको दौडाहा सप्तरीमा आएको थियो। दौडाहा आएर फकाउने काम गरेको थियो (बीरवल विराजी, अन्तर्वार्ता, २०८२ असार २०)। कोही मानेर पञ्च भए बेदानन्द झाहरू तराई काँग्रस छोडेर राजासँग मिल्न गएका थिए।

> सुवर्ण शमशेरलाई धन्यवाद दिनुस् जसले पार्टीलाई बचाएर राखेको थियो। हरेक क्याम्पमा सुवर्ण शमशेरले खर्च पठाउँथे म वीरपुरमा थिए, त्यहाँ शुवर्ण शमशेरले प्रत्येक महिना ६ हजार खर्च पठाउनुहुन्थ्यो। खाना खाने खर्च उहाँले पठाउनुभएको थियो। (बीरवल विराजी, २०८२ असार २०)

बी.पी. कोइरालासँगै जेल परेका रामनारायण मिश्र वि.सं. २०२३ साल पुस १ मा विनाशर्त रिहा भए पनि क्यान्सरका कारण भारतको पटनामा उपचारको क्रममा उनको मृत्यु भएको थियो। नेपाली काङ्ग्रेसभित्र सम्मान र श्रद्धाले हेरिने राष्ट्रवादी नेताका रूपमा रामनारायण मिश्रलाई लिने गरिएको छ। यसबिच नेपाली काङ्ग्रेसले पञ्चायत शासन र शासकका विरुद्ध विभिन्न आन्दोलनहरू गरेको थियो, जसमा मधेसमा आन्दोलनहरू भएका र त्यसमा शहीद भएका थिए।

वि.सं २०४८ फागुन १ देखि ३ सम्म काठमाडौँमा भएको आठौँ महाधिवेशनबाट महामन्त्रीमा मधेसमूलका महेन्द्रनारायण निधि र सदस्यहरूमा शेख इद्रिस, महन्थ ठाकुर चयन भएका थिए। वि.सं. २०५३ वैशाख २६देखि २८ सम्म काठमाडौँमा भएको नवौं महाधिवेशनले महेन्द्रनारायण निधि, शेख इद्रिस, महन्थ ठाकुर, विजयकुमार गच्छदार र डा. रामवरण यादवलाई चयन गरेको देखिन्छ। वि.सं. २०५७ माघ ६ गतेदेखि ९ गतेसम्म पोखरामा भएको दशौँ महाधिवेशनले महन्थ ठाकुर, विजयकुमार गच्छदार, विमलेन्द्र निधि केन्द्रीय सदस्यमा निर्वाचित भएको देखिन्छ। यसरी मधेसको जनसङ्ख्या र नेपाली काँङ्ग्रेसको मतदाता बढी भए पनि केन्द्रीय समितिमा कहिले एकजना त कहिले चार-पाँचजनासम्म चयन हुने गरेको देखिएको छ। सिरहा जिल्लाका चित्रलेखा यादव र सीतादेवी यादव नेपाली काङ्ग्रेसको कोषाध्यक्षसमेत भएका थिए। त्यसपछिका महाधिवेशनहरूमा भने मधेसी समुदायबाट नेपाली काङ्ग्रेसको केन्द्रीय समितिमा नयाँ नामहरू प्रशस्त आउन थालेका थिए। पटकपटक अवसर पाएका महन्थ ठाकुर तराई मधेस लोकतान्त्रिक पार्टी खोलेर काङ्ग्रेस छोडे। विजयकुमार गच्छदार, जयप्रकाश गुप्ताहरूले पनि कांग्रस छोड्नुपर्ने अवस्था सृजना गराइएको थियो। ती नेताहरूका भनाइहरू हेर्दा काङ्ग्रेसभित्र आत्मसम्मान नपाइएकोले पार्टी छोडेको तर्क दिने गरेको देखिन्छ।

## नेपाली काङ्ग्रेसले गरेको आन्दोलनहरूमा मधेस

नेपाली राष्ट्रिय काङ्ग्रेसको गठन हुनासाथ यसका नेता कार्यकर्ताहरू ई.स. १९४७ मार्च ४ देखि विराटनगरको जुटमिलका मजदुरहरूले गरेको आन्दोलनमा सरिक भएका थिए। विराटनगरको मजदुर आन्दोलनमा सरकारले धरपकड गरेको थियो। राणाशासन विरुद्ध गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा विराटनगरको जुल मिलमा सञ्चालन भएको मजदुर आन्दोलनलाई हौसला दिन बी.पी. कोइरालाको नेतृत्वमा धेरै नेता कार्यकर्ताले आन्दोलनको समर्थन गरेका थिए। यसैबिच सोही आन्दोलनको क्रममा विराटनगर आएका भारतीय नागरिक कुलदीप झाको नेतृत्वमा सन् १४ दिसेम्बर १९५० ई. का दिनदेखि कोशी नदीको पूर्वी किनारा कुशाहा भन्ने ठाउँमा मोर्चा कायम भयो। २५ डिसेम्बर १९५० का दिन एकाएक राष्ट्रिय फौजले कोशीको कुशाहा मोर्चामा

नेपाली काङ्ग्रेस उपर हमला गऱ्यो र उक्त आक्रमणमा डाक्टर कुलदीप झा मारिए (अधिकारी, २०५८) । जुटमिलबाट सुरु भएको आन्दोलनमा कुशाहाघाटमा मानिकदहमा पेस्तोल राखेर कृष्ण बहादुरको कप्तानमामा सेना आएको थियो । दुरवीन राखेर कुलदीप झालाई दुरबिनको सहाराले सप्तकोशी पारी कुशाहाघाट (हर्दिवारी कन्चनपुरबजार)बाट पूर्व कुशाहाघाट गोली हानेर मारेका थिए (बीरवल विराजी, अन्तर्वार्ता, २०८२ असार २०) । आन्दोलनको नेतृत्व गर्दै सप्तरी तर्फबाट विराटनगर आउन लागेको नेपाली सेनालाई बाटोमै रोक्नका लागि जाँदा सेनाको कारवाहीमा परेर कुलदीप झाको मृत्यु भएको थियो (अधिकारी, २०५८) । डा. कुलदीप झाको शव भोलिपल्ट जीपद्वारा विराटनगर पुऱ्याइयो । त्यसपछि नेपाल भारतको सीमाना दशगजामा पुऱ्याएर नेपाली काङ्ग्रेसको चारतारे झण्डा र भारतीय तिरङ्गा झण्डा ओढाएर डा. कुदीप झाको फौजी सम्मानको साथ दाहसंस्कार गरियो (अधिकारी, २०५८) । डा. कुददीप झा भारतको विहार प्रान्तका एक कर्मठ समाजवादी कार्यकर्ता थिए । उनी सन् १९४७ ई.को विराटनगरको मजदुर आन्दोलनमासमेत सहभागी भएका थिए ।

नेपाली काङ्ग्रेसले सशस्त्र क्रान्ति सुरु गरेपछि सप्तरीमा राजनैतिक चहलपल सुरु भइसकेको थियो र सप्तरीका स्थानीय निवासीहरू रामेश्वरप्रसाद सिंह र मखनबाबुलगायतका व्यक्तिहरू राणाशासनको अवशेषलाई सप्तरीबाट मेटाउन दिलोज्यानले लागेका थिए (कार्की, २०६०) । भोजपुरको मुक्तिसेनाले ओखलढुंगा विजय गरेपछि सप्तरी कब्जा गर्ने प्रयत्न गरेको थियो । नारदमुनि थुलुङ्को निर्देशनमा आशबहादुर राई र दिलबहादुर राईको नेतृत्वमा एउटा फौज वि.सं. २००७ साल माघको पहिलो हप्तामा सप्तरी पुगेको थियो । २००७ साल फागुन ७ गतेपछि पनि मुक्ति सेनाले सप्तरीमा आफूले नियन्त्रण गरेको स्थानमा कोइलाडी बस्ने रमानन्द सिंह र मधेपुरा बस्ने दिलेश्वर सिंहलाई धान चामल एक ठाउँबाट अर्को ठाउँमा लान अनुमति दिएको थियो (कार्की, २०६०) ।

नेपाली काङ्ग्रेसले राणाशासन विरुद्ध सशस्त्र आन्दोलन गर्ने बैरगनियाँ सम्मेलनपछि निर्णय गरेको थियो । नेपाली काङ्ग्रेसको मुक्ति सेनाका जवानहरूले पहिलो आक्रमण वीरगञ्जमा गरेका थिए । त्यहाँ मुक्ति सेनाका जवान तेजबहादुर क्षेत्री कात्तिक २६ गते नेपाली सेनासँगको मुठभेडमा पहिलो सहीद भए । त्यसपछि सोही दिनको मुठभेडमा घाइते भएका थीरबम मल्लको ११ नोभेम्बर १९५० मा डङ्कनको अस्पतालमा उपचार गर्दागर्दै मृत्यु भएको थियो (अधिकारी, २०५८) तर उनीहरू मधेसको भुभागमा सहीद भए तापनि मधेसीमूलका भने थिएनन् । मधेसीमूलका नेपाली काङ्ग्रेसका नेता कार्यकर्ताहरूको शहिद हुने क्रम वीरगञ्जको मुठभेड लगतै रौतहतको गौरमा भएको घटनामा भयो ।

वि.सं. २००७ साल कार्तिक २६ गते रौतहटको गौर बजारमा राणाका राष्ट्रिय सेना र नेपाली काङ्ग्रेसले सशस्त्र आन्दोलन गर्न गठन गरेको मुक्ति सेनाबिच दोहोरो भिडन्त हुँदा गोली लागि शिबप्रसाद सिंहको मृत्यु भएको थियो । रौतहटको ब्रम्हपुरी गाविसमा विंसं. १९६७ सालमा सम्पन्न परिवारमा जन्मनुभएका शिवप्रसाद सिंह क्रीान्तकारी स्वभावका हुनुहुन्थ्यो । (शहीद स्मृति ग्रन्थ : १०) । सिंह क्रान्ति सुरुहुनुभन्दा अगाडि गौरदेखि दक्षिणमा पर्ने भारतीय बजार बैरगनियाँमा रहेको नेपाली काङ्ग्रेसको क्याम्पमा बस्नुहुन्थ्यो । सोही क्याम्पबाट राणाको सेनासँग लडनका लागि मुक्तिसेना गौर आएको थियो ।

वीरगञ्ज कब्जा भइसकेपछि गौर कब्जा गर्न आएका भीडको नेतृत्व शिवप्रसाद सिंहले गर्नुभएको थियो । मालअड्डाको कौसीमा बसेर जनकसिंह अडिटरको आदेशमा शिवप्रसाद कुँवरले एकत्रित आमसभामा अन्धाधुन्ध गोली चलाउँदा शिवप्रसाद सिंहको घटनास्थलमै मत्यु भएको थियो । सोही दिन भीडमा रमिता हेर्न आएका सर्वसाधारण १८ वर्षीय यूवक नन्दु साह केशरीको पनि घटनास्थलमै मृत्यु भएको थियो । उनी

काङ्ग्रेसका नभएपछि २००७ सालको क्रान्तिमा रौतहटको गौर आन्दोलनका शहिद थिए। नेपाली काङ्ग्रेसले गरेको सशस्त्र आन्दोलनमा उनी मधेसीमूलका दोस्रो सहीद भएको देखिन्छ।

सन् १८ नोभेम्बर १९५० को दिन गौरमा नेपाली काङ्ग्रेसले निकालेको जुलुसमा माल कार्यालयको सुरक्षामा बसेको सन्तरीले जुलुलाई अगाडि नबढ्न आदेश दिइरहेका थिए तर जुलुस नरोकिएपछि शिव प्रताप सिंहको छातीमा गोली लागि उनको मृत्यु भयो (अधिकारी, २०५८) । रौतहटका ब्रम्हपुरी गाउँ निवासी ५५ बर्षिय शिवप्रसाद सिंहले जुलुसको नेतृत्व गरेका थिए । शहिद शिवप्रसाद सिंह नेपाली काङ्ग्रेसको सङ्गठनिक कार्यमा अत्यन्तै कुशल मानिन्थे ।रौतहटको गौरमा भएको उक्त घटनाका दिन नेपाली सेनाले अन्धाधुन्ध गोली हान्यो। सडकमा धानखेतमा र जताततै मानिस लडेका थिए। केकति हाताहात भए ठीक सङ्ख्या थाहा भएन (अधिकारी, २०५८) । यो भनाइबाट गौरमा सो दिन अन्य सर्वसाधारणकोसमेत मृत्यु भएको अनुमान गर्न सकिन्छ। जसको रेकर्ड कतै राखिएको पाइएको छैन।

वि.सं. २००७ सालमै सप्तरीको बरमझियामा पहाडबाट आन्दोलनमा सहयोग गर्न आएको किराँती दल पहाडबाट झ¥यो। नेपाल सरकारको फौज सरेर बरमझियाबाट राजविराज गयो। नेपाली काङ्ग्रेसको किराँती दल राजविराजमा दखल गर्न राजविराज पूर्वको खाँडोको पूर्व बनौतीमा क्याम्प बन्यो। नेपाली काङ्ग्रेसको भारतमा सम्झौता हुँदैछ भन्ने खबर आयो। त्यसवेला सप्तरीका कुशेश्वर पाठक रामेश्वर प्र. सिंह र गजेन्द्र नारायण सिंह आन्दोलनमा लागेका थिए। वि.सं. २००७ सालमा नेपाली काङ्ग्रेसको कुनौलीमा क्याम्प थियो जसको नेतृत्व रामेश्वरप्रसाद सिंहले गर्दथे भने बिरपुरमा रहेको क्याम्पमा गजेन्द्र नारायण सिंह बस्दथे (बिरवल विराजी, अन्तर्वार्ता, २०८२ असार २०) ।

उता भैरहवा क्षेत्रतिर डाक्टर कुवर इन्द्रध्वज (इन्द्रजीत) सिंहले मुक्तिसेना गठन गर्न थालेका थिए। उनले भूतपूर्व सैनिक एवम् स्थानीय व्यक्तिलाई मोर्चामा समोल हुनु अघि, 'श्री ५ त्रिभुवनको नेतृत्वमा राणाशासन विरुद्धको आन्दोलनमा भाग लिन मन्जुर छु।' भन्ने कागजमा हस्ताक्षर गराउने गरेका थिए (पंगेनी, २०५३) । सर्वप्रथम डाक्टर कुबर इन्द्रजीत सिंहले १९५० को रातीको समयमा आफूसँग भएका मुक्ति सेनाद्वारा भैरहवामा पहिलो पटक आक्रमण गरेका थिए। करिब चार घण्टा लडाई चल्यो। मुक्ति सेनाका चार जनाको मृत्यु भएको थियो (पंगेनी, २०५३) । यी चारजनामा मधेसीमूलका थिए थिएनन् भनेर एक्किन गर्न सकिएको छैन तर मधेस क्षेत्रमा भएकाले मधेसीमूलकासमेत थिए भन्ने अनुमान गर्न सकिन्छ।

भारतीय सांसद शिब्बन लाल सक्सेना डा. के.आई. सिंहको मोर्चाबाट भारततर्फ फर्किरहेको अवस्थामा नेपाल सीमाभित्रै ट्रकबाट डण्डा खोलाकोपुलमा पुग्दा सरकारी सेनाले हानेको गोली लागि शिब्बन लाल सक्सेना घाइते भएका तथा उनीसँगै रहेका एकजनाको तत्काल मृत्यु भएको थियो । सक्सेनालाई भारततर्फ पु¥याउन खटिएका रामेश्वरप्रसाद पाँडेकाअनुसार गोली लागेर मृत्यु हुनेमा कृष्ण दास भक्त थिए (पंगेनी, २०५३) । कृष्ण दासलाई गोली लागि उनको तत्काल मृत्यु भएको र पछि मुक्ति सेनाले उनको शवलाई नेपाल भारत सीमानामा लगेर दाहसंस्कार गरेको कुरा मोर्चामा रहेका लक्ष्मीनारयण अधिकारीले बताएका छन् (पंगेनी, २०५३) । उक्त कुरा काशीप्रसाद श्रीवास्तबको पुस्तकमासमेत उल्लेख भएको छ।

वि.सं. २००७ मङ्सिर २२ गते (७ डिसेम्बर १९५०) मा मुक्ति सेनाले बुटबलमा कब्जा गरेपनि पाँचदिन पछि पाल्पा र भैरहवाबाट आएका सरकारी शैनिकले बुटबल कब्जा गरेको र त्यहाँ भएको भीडन्तमा सरकारी सेनाको गोली लागि केही मानिसहरू मृत्यु भएको थियो (पंगेनी, २०५३) । यहाँ मृत्यु हुनेको नाम नभएकोले यिनीहरू

पहाडी मूलका दिएकी मधेसी मूलका थिए भन्ने एक्किन गर्न सकिने अवस्था छैन तर कब्जा गर्न खटिएका मुक्ति सेनाभित्र पहाडी समुदाय र मधेसी समुदाय दुबै पक्षका लडाकूहरू भएकाले यस घटनमा मृत्यु हुनेमध्ये कोही मधेसीसमेत रहेका हुन सक्दछन् ।

डा. केआई सिंहले मुक्ति सेनाका रसद पानीका लागि स्थानीय जमिन्दारहरूसँग चन्दा उठाउन मुक्ति सेनालाई पठाउने गरेका थिए तर चन्दा नदिने, उल्टै गोली हानेर भगाउने जमिन्दारहरूलाई कारवाही गर्न पटकपटक मुक्ति सेनाको टोली नै परिचालन गर्ने गरेको पाइएको छ । यसैक्रममा जिगनाका जमिन्दार तमेश्वर शुक्लाको घरमा डा. के आई सिंहले आक्रमण गर्नुपरेको थियो र उक्त आक्रमणमा परेर मुक्तिसेनाका ९ जनाले ज्यान गुमाएका थिए । शुक्लातर्फका सरकारी सैनिक र उनका समर्थकहरू गरी ३८ जनाको मृत्यु भएको थियो (पंगेनी, २०५३) । त्यसैगरी डा. के. आई सिंहले महदेई गाउँका जमिन्दार योगेन्द्रनाथ शुब्लाको घरमा चन्दा माग्न पठाएका दुईजना मुक्ति सेनाका लडाकुलाई शुक्लाले चन्दा दिनुको साटो गोली हानेकाले शुक्लाले हानेको गोली लागि एक जना मुक्ति सेनाको मृत्यु भएको थियो । (पंगेनी, २०५३) । मुक्ति सेनाको एकजनालाई गोली हानि मारेकाले महदेईका योगेन्द्र नाथ शुक्लालाई सबक सिकाउन मुक्ति सेनाको ठुलो टोली नै शुक्लाको घरमा आक्रमण गर्न जाँदा दुबैतर्फको भिडन्तका कारण मुक्ति सेनाका ४-५ जनाको मृत्यु भएको थियो । महदेई गाउँका जमिन्दार योगेनद्रनाथ शुक्ला कहाँ डाक्टर सिंहले चन्दा लिन पठाएका दुईमध्ये एकको शुक्लाको गोली लागि मृत्यु भएको थियो (अधिकारी, २०५८) । त्यसैगरी पिपराका जमिनदार मोहम्मद अलिले पनि एक नेपाली काङ्ग्रेसका स्वयं सेवकको गोली हानि हत्या गरेका थिए । जिग्ना गाउँको जमिन्दार तमेश्वरनाथ शुक्ललेसमेत नेपाली काङ्ग्रेसको मुक्ति सेनालाई मार्ने प्रपञ्च रचेको देखिन्छ । तमेश्वर शुक्लको घरमा लुकी सबेका राष्ट्रिय सेना र मुक्तिसेनाबिच लडाई हुँदा मुक्ति सेनातर्फबाट ९ जना मारिएका थिए । तमेश्वर शुक्ल र राष्ट्रिय फौजतर्फबाट पनि ३८ जना मरेको बताएको छ (अधिकारी, २०५८) । यसमासमेत मधेसीमूलका मानिसहरूले शहादत प्राप्त गरेका हुनसक्छन् ।

यसरी मुक्ति सेनाका क्याडरहरूको मृत्यु भएको धेरै घटनाहरू नेपाली काङ्ग्रेसका तत्कालीन नेता कार्यकर्ताहरूले आआफ्नो पत्र, सम्झना, पुस्तक र अनुसन्धानकर्तालाई दिएको अन्तर्वार्तामा बताएपनि उनीहरूको नाम कतिपय अवस्थामा उनीहरूको नाम किटान गरेर बताएको पाइदैन । वि. सं. २००७ साल फागुन ७ गते प्रजातन्त्र आएको घोषणा भए पनि यसलाई डा. के.आई. सिंहले स्वीकार नगरी सशस्त्र अभियान अझै जारी राखेकाले उनको क्षेत्रमा थप मुठभेड भएको र उनको अधिनमा रहेका केही मुक्तिसेनाले वीर गति प्राप्त गरेको पाइएको छ । वि.सं. २००७ साल फागुन ८ गते २ सय जना मुक्ति सेनाले भैरहवामा आक्रमण गरेका थिए । बिहान ५ बजेदेखि १२ बजेसम्म युद्ध भयो । झ्यालखानाको नजिकै रहेको काली मन्दिरको छेऊमा सरकारी सेनाको गोली लागेर बसन्त सिंह सेनको मृत्यु भयो । उनी बाहेक दुई जना मुक्ति सेनाको मृत्यु भएको थियो । सोही दिन भैरहवाको विभिन्न स्थानमा गरेर ९ जना मुक्ति सेनाले वीर गति प्राप्त गरेका थिए (पंगेनी, २०५३) । फागुन ८ गते २००७ साल अर्थात् १९ फेबुअरी १९५१ का दिन डा. के आई भैरहवामा आक्रमण गरेकोमा उक्त लडाईमा क्याप्टेन बसन्त र अरू पाँचजना मारिए भन्ने उल्लेख छ (अधिकारी, २०५८) । यहाँ भैरहवा क्षेत्रमा मृत्यु हुनेमा मधेसीमूलकासमेत हुनसक्छन् तर मृत्यु भएका मध्ये कतिजना मधेसी मूलका थिए भनेर एक्किन किटान गरेर कसैले उल्लख गरेका छैनन् । मुक्ति सेनाले बहादुरगन्जमा आक्रमण गरेको थियो । उक्त आक्रमणमा परी मुक्तिसेनाका तीन जवानहरू मारिएका थिए । (अधिकारी, २०५८) । यी तीन जनाको नाम खुलेको पाइँदैन । मधेसमा यो घटना भएकोले यसमा पनि मधेसीमूलकाले शहादत प्राप्त गरेको हुनसक्ने अनुमान गर्न सकिन्छ ।

यसरी नेपाली काङ्ग्रेसले आह्वान गरेको आन्दोलनमा मधेसमा महत्त्वपूर्ण घटनाहरू भएका थिए । वि.सं. २००७ सालको आन्दोलन त पूरै मधेसले थेको थियो भन्दा फरक पर्दैन ।

नेपाली काङ्ग्रेसले दोस्रो चरणको सशस्त्र आन्दोलन वि.सं. २०१८ कार्तिक २६ गतेदेखि २०१९ कात्तिक २३ गतेसम्म गरेको थियो (गौतमा, २०७१) । वि.सं. २०१८ कात्तिक २६ गते अर्थात् ११ नोभेम्बर १९६१ मा नेपाली काङ्ग्रेसका कार्यवाहक सभापती सुवर्ण शमशेरले सशस्त्र क्रान्ति गर्ने निर्णय गरेका थिए । भारतीय भूमिलाई आधार बनाएर नेपाली काङ्ग्रेसले २०१८ कात्तिक २६ गतेबाट पञ्चायत व्यवस्थाका विरुद्ध प्रतिरोध आन्दोलन प्रारम्भ गरेको थियो । जसबाट देशव्यापी रूपमा डरलाग्दा रक्तरञ्जित घटनाहरू हुन पुगे (गौतम, २०७७) । जसमा सरकारबाट कैयौं देशभक्तहरूको विभत्स हत्या गरेको थियो । वि.सं. २०१८ सालमा पक्राउ परेका परदेशी चौधरी जेलभित्रै सहिद भए (अधिकारी, २०५८) । यसरी मधेसमा धेरै व्यक्तिहरू प्रहरीको हिरासतमा र जेलको कैदी जीवनकै बेला शहीद हुनुपरेका घटनाहरू देखिन्छन् ।

सप्तरीको कञ्चनपुर गाविस जन्मिएका विहारी लेखी थारु वि.सं. २०१४ सालको भद्र अवज्ञा आन्दोलनसँगै नेपाली काङ्ग्रेसमा आबद्ध भएका थिए । वि.सं. २०१८ साल असारतिर उनी नेपाली काङ्ग्रेसको पोष्टर, पम्पलेट बोकी आफ्नो का मगर्दै थिए । एक्कासि चारैतर्फबाट प्रहरीले घेराहाली पक्राउ गरेको थियो । उनलाई लौकाहा, मधुवनी क्याम्पमा सप्तरी जिल्लाका को-को मानिस छन् ? उनीहरू कुन र कस्ता किसिमका काम गर्दछन् भनी सोध पुछ गरियो तर लेखीले केही नबताएपछि दानवीय यातना दिएर दुबै हाट खुट्टा डोरीले बाँधी तल झारेर धुँवा लगाइदिने, खोर्सानीको धूलो आँखामा हालिदिने, पैतालामा पानी छ्यापेर चुट्ने, मलद्वारमा खोर्सानी खाँदिदिने, टाउकोको सम्पूर्ण कपाल उखेलेर रक्ताम्मे बनाइदिने गर्न थाले यसरी लगातार करिब १ महिना यातना दिएपछि २०१८ को साउन महिनामा बिहारी लेखी थारुलाई सशस्त्र प्रहरीले मध्यरातमा ठाडी बेल्हीमा लगि कायरतापूर्वक हत्या गरे (भट्टराई, २०५२) । मर्नु अघि उनलाई अन्तिम इच्छा सोधिएकोमा लेखिलेमात्र प्रजातन्त्र पुनर्स्थापना होस् भनेका थिए ।

वि.सं. १९८९ मा सप्तरीको देउरी गाविसमा जन्मिका कैलु चौधरी वि.सं. २०१८ साल माघ महिनाको तेस्रो साता तिर दिनभरी भारतमा रहेको नेपाली काङ्ग्रेसको क्याम्पसमा बसी अनेकौं योजना बनाएर राती नेपाल फर्किरहेको बेला भारतको सानारपट्टी भन्ने स्थानमा एक्कासि गोली चल्यो । उनलाई थ्रि नट थ्रीको गोली कम्मरमा लागेकोले घटनास्थलमै मृत्यु भएको थियो (भट्टराई, २०५२) । नेपाली सैनिकहरूले उनको लाश घटनास्थलमै छोडेकाले भोलिपल्ट नेपाली काङ्ग्रेसको क्षेत्रीय क्याम्पबाट प्रजातन्त्रवादीहरू ठुलो सङ्ख्यामा आई चौधरीको लाशको त्यही दाहसंस्कार गरेका थिए ।

राजा महेन्द्र २०१८ माघ ४ गते पूर्वाञ्चलको भ्रमणमा निस्किँदा जनकपुर आउने कार्यक्रमको दिन मौका पारेर दुर्गान्द झाले पाएको जिम्मेवारी अनुरूप २०१८ माघ ९ गते रामजानकी मन्दिरको दर्शन गर्न जान लागेका राजा महेन्द्रको गाडीमा बम प्रहार गरे । दुर्गानन्द तत्काल भागे तापनि पछि पक्राउ परे । दुर्गानन्दले आत्मसमर्पण गरी सम्पूर्ण जिम्मेवारी स्वीकार गरेकाले उनलाई काठमाडौँ पुर्‍याएर २०२० साल माघ १५ गते केन्द्रीय कारागारमा फाँसीमा झुण्ड्याइयो (गौतम, २०७७) । २० बर्षिय दुर्गानन्द झालाई वि.सं. २०२० पौष १४ गते मृत्युदण्ड दिने निर्णय सवोच्च आदालतले गरेको थियो । दुर्गानन्द झालाई २०२० माघ १५ गते राती फाँसीमा झुण्डाएर मारियो । मर्नु अघि उनले 'यो देशमा प्रजातन्त्र ल्यान राजतन्त्रको समाप्ती हुनुपर्दछ' भन्दै फाँसीमा लडकिएका थिए (अधिकारी, २०५८) । दुर्गानन्द झाको यो मृत्युले पञ्चायती सरकार कति निर्दयी थियो भन्ने बुझ्न सकिन्छ ।

राजा महेन्द्रले २०१७ साल पुस १ गते प्रजातन्त्र आफ्नो हातमा लिएर प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालालगायत महोत्तरीबासी तत्कालीन मन्त्री रामनारायण मिश्रलगायतलाई राजाले थुनामा राखेकोले राजाको उक्त कदमको विरुद्धमा तराईमा वि.सं. २०१९ वैशाख २६ गते अर्थात् १९६२ मे ८ मा तराई मुक्ति मोर्चा गठन भएको थियो। उक्त सङ्गठनको मुख्य नेता रघुनाथ गुप्ता रहेका थिए। उपनेतामा रामजी मिश्र थिए (गौतम, २०७१)। वि.सं. २०१९ साउन ५ गते २२ जुलाई १९६२ मा भारतबाट पक्राउ गरी ल्याएर रघुनाथ गुप्ताको हत्या गरियो वि.सं. २०२० असार १ गते अर्थात् १५ जुन १९६३ को एक घटनामा प्रहरीको गोली लागि तराई मुक्ति मोर्चाका उपनेता रामजी मिश्र र सदस्यहरू तीर्थ मिश्र र जयनारायण मिश्र पनि मारिए (गौतम, २०७१)। त्यसैगरी दाङ जिल्लाको बंगाई निवासी जोगराम थारु वि.सं. २०१८ सालको पुसको पहिलो हप्तारित कौडियाला घाटमै विहानिको समयमा एउटा लोटामा पानी बोकेर दिसा बस्न जानुभएको थियो। सोही मौकामा नेपालबाट खटेर गएका प्रहरीले पक्राउ गरी धनगढी पुऱ्याएका थिए। धनगढीको नैनीदेवी रोडको दुईतल्ले घरमा माथि थुनेर केही दिन राखेर बयान गराउन शरिरमा ब्लेडले चिर्ने, नूनचूक लगाउने, पानी छ्यापेर अमानवीय किसिमले यातना दिएर को को काङ्ग्रेस कहाँ कहाँ बसेका छन् भन्ने सोधेको तर केही कुरा बताउन नचाहेकोले बडाहाकिमको निर्देशनमा गोली हानि हत्या गरिएको थियो (भट्टराई, २०५२)। पञ्चायतकालका बडाहाकिमहरूसमेत कत्तिको निर्दयी थिए र उनीहरूले मधेसीमूलका योद्धाहरूप्रति कस्तो क्रुर व्यवहार गर्दथे भन्ने यस घटनाले पुष्टि गरेको छ।

वि.सं. २०१९ असार २८ गते वीरगञ्जको सूर्यमान धोवीलाई ध्वंसात्मक काम गरेको शंकामा पुलिसले गोलि हानि हत्या गऱ्यो (अधिकारी, २०५८)। सन् २६ मई १९६३ को दिन पहिलेको सप्तरी र अहिले सिरहाको ठाडीमा सरकारी मानिसहरूबाट अपहरण गरेर लगेर विहारी चौधरीको हत्या गरियो। वि.सं. २०१९ जेठ १२ गते नेपाली काङ्ग्रेसका १५० जना जति लडाकाहरूले चन्द्रगन्जमा आक्रमण गरी सरकारी अड्डाहरू तहसनहस गरी भारततर्फ फर्किए। यसकाण्डमा केही हताहत भए (अधिकारी, २०५८)। त्यसैगरी वि.सं. २०१९ साल जेठ १६ गते नेपाली काङ्ग्रेसका ६०/७० जना लडाकुहरू हतियारसहित भिखनाठोरीबाट भित्र पसेर ठोरी होमगार्डको पोष्टमा हमला गरेर ६/७ घण्टा दोहोरो भिडन्त भयो। दुबैतर्फ केही हताहत भए (अधिकारी, २०५८)। वि.सं. २०१९ असार ९ गते वीरगञ्जबाट तीन कोश पश्चिम रानीगन्जको पुलिसचौकीमा हातहतियारसहित आक्रमण गर्न आएका क्रीन्तकारी र पुलिसबिच दुई घण्टा गोली चल्यो। दुबैतर्फ केही हाताहत भए (अधिकारी, २०५८)। वि.सं. २०१९ साउन १७ गते राती रघुनाथपुर थानामा आक्रमण गर्दा केही सर्वसाधारण हताहत भए। वि.सं. २०१९ आश्विन १४ गते दिउसो पर्सा जिल्लाको दोहोरी गाउँमँ शाही सेना र नेपाली काङ्ग्रेसका लडाकूहरूबिच गोली हानाहान भयो। केही हताहत भए (अधिकारी, २०५८)। वि.सं. २०१९ आश्विन २४ गते महोत्तरीको शशिचौकमा नेपाली काङ्ग्रेसका क्रान्तिकारीहरूले आत्रक्रमण गरी केही हताहत भए। यसमा विश चन्द्र मिश्र शहिद भए (अधिकारी, २०५८)। वि.सं. २०१९ सालको आश्विन असोज २६ गते जलेश्वरको कवना गाउँमा शाही सेना र नेपाली काङ्ग्रेसका लडाकूहरूबिच सङ्घर्ष हुँदा केही व्यक्ति हताहत भए। यसरी विभिन्न ठाउँमा हाताहात भएको भन्नुको तात्पर्य त्यहाँ पनि मानिसहरू शहीद भएका छन्। ती शहीद भएकाहरू कुन समुदायका थिए भनेर एक्किन कतै उल्लेख नभएको तर मधेसमा उक्त घटनाहरू भएकाले त्यसमा पनि मधेसीमूलका मानिसहरू शहीद भएका हुन सक्दछन्।

वि.सं. २०१९ सालमा रौतहटको पिपरा थानामा भएको बम काण्डमा जलिल मियाँ आफैँ संलग्न हुनुहुन्थ्यो। बम काण्डपछि उहाँ रौतहटकै बलुवा गाउँमा आएर बस्न थाल्नुभएको थियो। प्रहरीले उहाँ बसेको ठाउँबारे

सुराकीबाट जानकारी लिई २०१९ माघ महिनामा पक्राउ गऱ्यो। (शहीद स्मृतिग्रन्थ)। वीरगञ्ज जेलमा थुनेर २० वर्षको कैद सजाय तोकियो।

अगस्त १९७२ मा सप्तरी जिल्लाको सीमामा पर्ने एउटा प्रहरी चौकीमा राती आक्रमण भयो, दुबैतिरबाट गोली हानाहान भयो एक जना प्रहरी मारिए। पर्यवेक्षकहरूले नेपाली काङ्ग्रेसले गरेको थियो। उसले सन् १९६१-६२ मा तराईका प्रहरी चौकीमा गरेको आक्रमणसँग मिल्दोजुल्दो थियो (गेज, २०१३)।

बिहार र यूपी सरकारका स्थानीय नेताहरूबाट नेपाली काङ्ग्रेसका सीमा क्षेत्रकासहयोग भइरहेको थियो। नेपाली काङ्ग्रेसले तराईका सरकारी अड्डाहरूमा हिर्काऊ र र भागको नीति अपनाएका थिए, जुन प्रभावकारी बन्दै गएको थियो (गेज, २०१३)।

वि.सं. २०३९ सालमा उहाँको २० वर्षको जेल सजाय पूरा भए पनि पञ्चायत सरकारले छोडेन। वि.सं. २०४४ सालमा जेलमै जलिल मियाँको मृत्यु भएको थियो। रौतहट जिल्लाका मटुक ओझालाई बडाहाकिम लिलाराज विष्टको आदेशमा शाही सेनाले वि.सं. २०१९ साल साउनमा गिरफ्तार गऱ्यो। गिरफ्तार गरेको तीनदिन पछि उहाँकै घरपछाडि रहेको इनारमा गोली हानि फालिएको अवस्थामा फेला पारियो। गाउँलेहरू मिलेर इनारबाट निकालेर डंकन अस्पताल पुऱ्याएका थिए। गोली लागेको ३ दिन पश्चात् वि.सं. २०१९ साल साउन २७ गते मटुक ओझाको अस्पतालमै मृत्यु भयो (भट्टराई, २०५२)। वि.सं. १९९३ सालमा रौतहटको बंकुल गाविसमा एक सम्पन्न परिवारमा जन्मनुभएका रामविलास यादव २००७ सालको क्रान्तिकै बेलादेखि क्रान्तिकारी योद्धाहरूलाई नेपाली काङ्ग्रेसका नेताहरूको चिठ्ठीपत्र ओसारपोसार गर्ने काम सुरु गर्नुभएको थियो। प्रजातनत्र प्राप्तिका लागि मुलुकभर चलेको सशस्त्र आन्दोलनमा सामेल भएकाले वि.सं. २०१९ साल भदौ १६ गते रौतहटको बंकुल बोर्डर नजिकबाट नेपाली राष्ट्रिय सेनाले घेराहाली पक्राउ गरे। यादवलाई केहीं दन बीरगन्ज्ञको एस.पी. कार्यालयमा राखिएको थियो। यहाँलाई साविती बयानमा हस्ताक्षर गर्न लगाइयो तर नमानेकाले औंलाहरूमा बन्दुकको कुन्जाले थुरेर चटनी बनाइएको थियो। पछि रामविलाश यादवलाई वि.सं. २०१९ असोज २४ गते राती १० बजे राती तत्कालीन बडाहाकिम लीलाराज विष्टको आदेशमा गोली हानि हत्या गरी उहाँको लासलाई नगुवा पोखरी (वीरगञ्ज पूर्व) मा रहेको अदेभूत सुरुङ्गमा हालियो। त्यस सुरुङ्मा हालिएको वस्तु पाउन सकिँदैन भन्ने मान्यता थियो। यादवलाई मारेर फालेको दिन अरूपनि मानिसलाई गोली हानेर मारिएको हल्ला चलेको थियो। त्यसमा पनि मधेसी मूलका कोही सहीद हुनसक्दछन्।

वि.सं. १९८१ साल कात्तिक १९ गते सप्तरीको हनुमान नगरमा एक राजपूत परिवारमा जन्मिएका सुकदेव सिंह वि.सं. २०१८ सालको क्रान्तिमा हनुमाननगरको सैनिक कमाण्डर भएर लडेका थिए। उनलाई वि. सं. २०१८ साल फागुन २८ गते केही समयका लागि आफ्नो मित्र अभय मण्डलको घरमा लुकेर बसिरहेको अवस्थामा सुतेकै अवस्थामा ६ जना सैनिकहरूले एकैचोटी समाउँछन्। उनलाई सेनाले कहाँ लगेर मारेभन्ने एक्किन छैन। आजसम्म कतै नभेटिएपछि उनको हत्या गरेर कतै फालिएको हुनसक्ने अनुमान गरिएको छ। (भट्टराई, २०५२)।

वि.सं. १९९५ सालमा रौतहटको नरकटियामा जन्मिएएका शेख पाँचु क्रान्तिको दौरान रौतहट आएको बेला सैनिकहरूको घेरामा परी वि.सं. २०१९ कात्तिक २४ गते पक्राउ परी रौतहटको बमकाण्डमा आरोप लगाएर नौ वर्ष कैद र ४ हजार रूपैयाँ जरिवाना तोकिन्छ। जेलमा दिइएको शारिरिक यातनाकै कारण वि.सं. २०२३ सालमा उहाँको जेलमै मृत्यु भयो (शहीद स्मृति ग्रन्थ)। वि.सं. १९७२ सालमा रौतहट जिल्लाको राजपुर गाविसको फरदवामा जन्मिएका सुखारी हजराले वि.सं. २००६ सालमा नेपाली काङ्ग्रेसको बैरगानियामा

भएको सम्मेलन पश्चात् नेपाली काङ्ग्रेसको सदस्यता लिएका थिए । वि.सं. २०१९ साल असोज २६ गते सैनिकहरूले उनलाई गिरिफ्तार गरेका थिए । उनीसँगै राजेन्द्र ओझा, शेख पाँचु, शेख जाहिर, बासुदेव पटेल आदिलाई गिरफ्तार गरेको थियो । सुखारी हजरालाई रौतहटको रामपूवा चौकीमा भएको बम काण्डको आरोप लगाई ९ वर्ष कैद र चार हजार रूपैयाँ सजाय तोकियो । सरकारी यातनाका कारण वीरगञ्ज जेलमै वि.सं. २०२२ साल माघ २७ गते उहाँको दुःखद निधन भयो (भट्टराई, २०५२) ।

> राजा महेन्द्रले कू गरेपछि सुरुमा म कलकत्ताको स्यालदह होटलमा बसेको थिएँ । वि.सं. २०१७ साल पछि दरभंगामा बसैं, नेपाली कुलौनी, जयनगर, वीरपुर, जोगवनी सबैको हेडक्बाटर दरभंगामा र केन्द्रीय कार्यालय कलकत्तामा थियो । म कुनौलीमा थिए । सहदेव सिंह वडाहाकिले मलाई कागज गर्नुस पार्टीबाट जेलमा एक महिना बसेर छुटे । इण्डिया गएर बसैं । बीपीले पशुपालन र फलफुल पहाडमा र कृषि तराईमा, सप्तरीमा चार प्रगन्ना र सिरहामा चार प्रगन्ना थियो ।
>
> (बीरवल विराजी, अन्तर्वार्ता, २०८२ असार २०)

वि.सं. १९९९ साल असोज २४ गते महात्तरी जिल्लाको लोहारपट्टीस्मा जन्मिएका शिवचन्द्र मिश्रले वि.सं. २०१५ को आम निर्वाचनमा रामनारायण मिश्रलाई जिताउने ठुलो भूमिका खेलेका थिए । वि.सं. २०१८ साल माघ ९ गतेको जनकपुर बमकाण्डपछि उनलाई अञ्चल प्रशासनले वारेन्ट जारी गरेको थियो । शिवचन्द्र मिश्रलाई वारेन्ट जारी भए पनि नेपाली काङ्ग्रेसको अभियानमा हिडिरहेका थिए । यसैबिच महोत्तरीको सम्सी गाउँका तत्कालीन प्रधानपन्चले उनलाई गाउँलेहरूसँग कुरा गरिरहँदा पछाडिबाट घाँटीमा गम्छाले बाँधी लडाएका थिए भने अर्का एकजना मुसलमानले उनीमाथि सांघातिक हमला गरे । दुबै मुसलमानले उनलाई नेपाली सेनासमक्ष सुम्पिए । सैनिकले दिएको शारिरिक यातनावाट उनको हात खुट्टा र करङ् भाचिएको थियो । सेनाले आत्मसमर्पण गर्न भने पनि उनले नमानेकोले अन्त्यमा सेनाले वि.सं. २०१९ साल असोज २४ गते नौजना सेनाले संगिनले घोची रगतपच्छे बनाई अन्त्यमा गोली हानेर हत्या गरे (भट्टराई, २०५२) । त्यसैगरी वि.सं. २०११ सालको भद्र अवज्ञा आन्दोलन र वि.सं. २०१४ को सत्याग्रहमा सुलेमान मियाँले वीरगञ्जबाट महत्त्वपूर्ण भूमिका निर्वाह गरेका थिए । वि.सं. २०१८ साल पौष २८ गते उनको हत्या भएको थियो । वि.सं. २०२२ सालमा सप्तरीको हनुमान नगरमा सुखदेव पाठक मारिए (अधिकारी, २०५८) । सप्तरी जिल्लामा वि.सं. २०२२ सालमा विहारी लेखि थारुलाई प्रहरीले पक्रिएर मारेर बलान खोलामा बगाउँ । सप्तरीकै बृजलाल साहलाई फरार अवस्थामा वि.सं. २०२२ सालमा पुलिसले गोली हानि मारेको थियो (अधिकारी, २०५८) । सप्तरीकै इला चौधरीलाई सम्वत् २०२२ सालमा फरार अवस्थामा पुलिसले गोली हानि मारेको थियो । यसरी मधेसमा नेपाली काङ्ग्रेस भएकै कारण भूमिगत अवस्थामा भएकाहरूलाई पञ्चायत सरकारले खोजीखोजी मारेको थियो ।

वि.सं. २०२५ सालपछि पनि मधेसमूलका नेपाली काङ्ग्रेसका नेता कार्यकर्ताहरूलाई धरपकड गर्ने, मार्ने काम रोकिएको थिएन । धनुषा यदुकोहाका विद्यार्थीहरू कामेश्वर मण्डल र कुशेश्वर यादव (गोइत) वि.सं. २०२९ सालको विद्यार्थी आन्दोलनमा मारिएका थिए । २०२९ साल असोज १ गते प्रतिकार गर्न विद्यालयका सम्पूर्ण विद्यार्थीहरू जुलुस, नारासहित पुनः मैदानमा उत्रिए । सबै विद्यार्थीहरू धनुषाको महिनाथपुर स्टेशनमा आएर गोलबद्ध नारा जुलुस अगाडि बढिरहेको थियो । प्रहरीले एक्कासि लाठी चार्ज, अश्रुग्याँस फालेर गोली बर्साउन थाल्यो । विद्यार्थीहरू कामेश्वर मण्डल र कुशेश्वर यादव गोली लागि भूँइमा ढले । तत्काल दुबैजनाको मृत्यु भयो (भट्टराई, २०५२) ।

भर्खरै एस.एल.सी. सकेर वीरपुर क्याम्पसमा आई.ए.मा नाम लेखाएका सप्तरी कञ्चनपुर निवासी सुरेशकुमार गुप्तालाई वि.सं. २०३५ साल कात्तिक महिनाको महान् चाड तिहार(दिपावली) मनाउन घरमै पुगेका बेला एक जनाले उनको छातीमा ताकेर गोलि हानेका थिए। उपचारका लागि विराटनगर ल्याउँन खोज्दा बाटोमा पर्ने भाण्टावारीमै गुप्ताको मृत्यु भएको थियो (भट्टराई, २०५२)।

विद्यार्थीको नारा जुलुसकै क्रममा सर्लाही जिल्लाको हरिपूर्वा बजारमा हाइस्कूल अगाडि २०३६ साल जेठ ६ गते विद्यार्थीहरूको एउटा आमसभा भएको थियो। विद्यार्थीहरू भाषण गरिरहेका थिए। भाषण भइरहेको स्थानमा मलंगवाका प्रहरी र सर्लाहीका प्रमुख जिल्ला अधिकारी घटनास्थलमा आएर विद्यार्थीहरूमाथि अन्धाधुन्ध गोली बर्साउन थाले। सुरत ठाकुर प्रहरीहरूको गोलीलाई भुँइमा ढले र उनको त्यही मृत्यु भयो (भट्टराई, २०५२)। सोही घटनामा प्रहरीको गोली लागेर बुधन मियाँ (धुनियाँ) र सर्लाहीको हरिपूर्वा गाविस वडा नं. ७ का रामबाबु चौधरी र मियाँ जान सेख, लगन राय यादव र अमृत साहको मृत्यु भएको थियो। उक्त घटनामा ६ जनाले शहादत प्राप्त गरेका थिए।

पञ्चायत विरोधी प्रतिपक्ष दलको बारेमा गेजले गरेको विश्लेषणमा नेपाली काङ्ग्रेस मूल रूपमा तराईमा खुल्लमखुल्ला थियो तराईमा उस्तै परे भागेर भारततर्फ जान सकिने भएकोले नेपाली काङ्ग्रेसले खुल्ला रूपमा राजनीति गरिरहेको थियो (गेज, सन् २०१३)। नेपाली काङ्ग्रेस पार्टीका कार्यकर्ताले तराईका सहजबजार र गाउँमा आफ्ना पार्टीका लागि सहयोग जुटाउने काम गरेका थिए। सन् १९६८ हिउँदमा नेपाली काङ्ग्रेसका नेता जेलबाट छुटेपछिर भारतमा निर्वासित नेतालाई नेपाल आउन दिइएपछि तराईमा सक्रियता बढेको थियो। सन् १९६१-६२ मा भारत-नेपाल सीमामा नेपाली काङ्ग्रेसका विद्रोहीहरू सक्रिय भएका बेलामा नेपालमा बसोबास गरिरहेका मैदानका मानिसका माग पूरा गराउन तराई मुक्ति मोर्चाको गठन भइको थियो (गेज, २०१३)।

निर्वासनमा रहेका नेपाली काङ्ग्रेसका कार्यवाहक सभापति सुवर्ण शमशेरले १५ मे १९६८ मा राजा महेन्द्रसँग मेलमिलाप गर्ने घोषणा गर्दा उनले नोपली काङ्ग्रेसले राजालाई मद्दत गर्ने निर्णय गर्नुपछाडिको एउटा कारणमा ध्वंसात्मक शक्तिबाट खतरा भएको बताएका थिए। (गेज, २०१३)। सन् १९६८ को डिसेम्बरमा वीरगञ्जमा गणेशमान सिंहले दिएका भाषणमा 'बी.पी. कोइरालाको रिहाई र सुवर्ण शमशेर र उनका सहयोगीलाई माफी दिने काम विदेशी दवाव र नेपालले भोगिरहेको बद्दो कम्यूनिष्ट खतराको स्वीकारोक्तिको परिणाम हो भनेका थिए। (गेज, २०१३)। यसरी नेपाली काङ्ग्रेसका नेताहरूले कुनै राष्ट्रिय, अन्तर्राष्ट्रिय विषयबारे बताउनसमेत मधेसका सहरहरूको आमसभाहरू गर्ने गरेको प्रस्ट देखिन्छ। मधेस नेपाली काङ्ग्रेसको भोट बैंक नै हो।

वि.सं. २०३६ साल वैशाख १८ गते सुनसरी जिल्लाको मधुवन गाविसमा पञ्चायत समर्थक र बहुदलवादीहरूको हाटबजार लागेको स्थानमा फरक फरक मञ्चबाट आआफ्नो प्रचारप्रसार गरिरहेका हुन्छन्। भनाभनकै क्रममा झडप भएको थियो। करिब दिउसो ४ बजेतिर स्थानीय नन्दन दत्तको घरमा बसिरहेका नेपाली काङ्ग्रेसका संस्थापक सदस्य चैतु साहूलाई तीन गोली लाग्दछ। छातीको दाहिने पाखा, देब्रे पाखुरा र तिघ्रामा गोलीले छिद्रा छिद्रा बनाए पनि उहाँको प्राण गएको हुँदैन। भारतमा उपचार गरेर घर फर्काएर ल्याएको अवस्थामा घरमै उनको मृत्यु भएको थियो (भट्टराई, २०५२)।

वि.सं. २०४० सालमा नेपाली काङ्ग्रेसका महामन्त्री गिरिजाप्रसाद कोइराला देशका विभिन्न स्थानमा गई कार्यकर्ता भेला गरी अप्रजातान्त्रिक तानाशाही पञ्चायति सरकारको विरोधका कार्यक्रम गर्दै हिडिरहेका थिए। यसैबिच वि.सं. २०४० साल फागुन २० गते रूपन्देशीको सूरजपुरामा पुष्पानन्द गिरीको घरमा नेपाली काङ्ग्रेस

समर्थकहरूलाई सम्बोधन गरिरहेको बेला एक्कासि ३-४ सय जति हतियारले सुसज्जित मण्डलेहरूले नेपाली काङ्ग्रेसका नेता र कार्यकर्ताहरूलाई आक्रमण गर्न थालेका थिए। सोही क्रममा नेताको सुरक्षा गर्दा आलोकनाथ यादवमाथि मण्डलेहरूले खुकुरी प्रहार गर्दछन् । उनी तत्काल ढल्छन् र उपचारका लागि साथीहरूले बुटबल अस्पताल पुऱ्याएको भए पनि घटना भएको भोलिपल्ट उनको अस्पतालमै मृत्यु भएको थियो (भट्टराई, २०५२)। वि.सं. २०४६ फगुन ९ गते धनुषाको जदुकोहा पञ्चायत विरुद्ध निकालिएको जुलुसमा प्रहरीले गोली हान्दा सोनावती देवी यादव रामनारायण यादव, भुवनेश्वरी यादव, जानकीदेवी, उदयशंकर मण्डल शहीद भएका थिए (अधिकारी, २०५८) । नेपाली काङ्ग्रेस र बाममोर्चा दुबैको संयुक्त आन्दोलन भए पनि मूल नेतृत्व नेपाली काङ्ग्रेसको भएकाले मधेसले वि.स २००७ सालदेखि वि.सं. २०४६ सालसम्म साथ सहयोग दिएको प्रस्ट छ।

## मधेसीहरूमा नेपाली काङ्ग्रेसप्रति असन्तुष्ट हुने कारण

नेपाली काङ्ग्रेसले स्थापनाकालदेखि नै गुट उपकुटको प्रभाव भेल्नु परेको थियो । मधेसमा सुरुमा काङ्ग्रेसको मधेसप्रतिको नीति देखेर वि.सं. २००८ सालमा तराई काङ्ग्रेस खुलेको थियो । भद्रकाली मिश्र रुष्ट भएर जनकाङ्ग्रेस खोले, पछि सप्तरीका गजेन्द्र नारायण सिंहले पूर्वाञ्चल काङ्ग्रेस खोले । यसरी मधेसमा तराई काङ्ग्रेसको गठनदेखि महन्थ ठाकुरले खोलेका तराई मधेस लोकतान्त्रिक पार्टीको समयसम्म आउँदा धेरै मधेसी नेता र कार्यकर्ताहरूले नेपाली काङ्ग्रेस विभिन्न कारणले छोडेको देखिन्छ । विशेषत मधेसीहरूले नेपाली काङ्लाई भोट दिए तर दिएको भोटअनुसारको काङ्ग्रेसमा अंश नपाएको वा मधेसीको आत्मसम्मानमा विभिन्न प्रहारहरू हुँदा नेपाली काङ्ग्रेसको केन्द्रीय नेतृत्व चुप लागेको बसेको अनुभुति उनीहरूले महुसुस गरे । जसका कारण मधेसमा नेपाली काङ्ग्रेसप्रति काङ्ग्रेसकै नेता, कार्यकर्ता र समर्थकहरू असन्तुष्ट हुन पुगेको देखिन्छ।

विसं २००७ सालदेखि नै पर्सा नेपाली काङ्ग्रेसको बलियो पकड भएको जिल्ला हो । विसं २०४६ सालको परिवर्तनपछिका सबै निर्वाचनमा यसले त्यो आधार अभिव्यक्त पनि गर्दैआएको छ । यसपटकको निर्वाचनमा पर्साको ५ वटै क्षेत्रबाट नेपाली काङ्ग्रेसका उमेदवार विजयी हुन सक्थे तर दलभित्रकै व्यक्तिहरूको नियोजित अन्तरघातले त्यसो हुनसकेन । दलभित्रको यो कमजोरीलाई बेलैमा सच्याइएन भने आगामी दिनमा यसले सङ्गठनलाई झन् प्रभावहीन र कमजोर बनाउँछ । अर्थात्, नेपाली काङ्ग्रेसको रुखमा बसेर त्यही रुखकै फेदमा बन्चरो हान्नेलाई अब पार्टीले दण्डित गर्नैपर्छ । अन्तरघात गर्ने, अरू दलसँग अपारदर्शी साँठगाँठ गर्ने, अवैध क्रियाकलापमा लागेकालाई संरक्षण गर्ने, पार्टीभित्र निषेधको प्रवृत्ति राख्ने, सहकर्मी साथीहरूसँग समन्वय गर्न नचाहने प्रवृत्तिलाई अब बढी समयसम्म सहेर अगाडि बढ्न सकिँदैन ।'

महन्थ ठाकुरले नेपाली काङ्ग्रेसबाट अलग भएर तराई मधेस लोकतान्त्रिक पार्टी खोल्दा वि.सं. २०६४ सालमा पार्टीको तर्फबाट प्रकाशन गरेको अवधारणा पत्रमा भनिएको छ -

> वि. सं. २००७ सालको जनक्रान्ति र त्यसपछिका लोकतन्त्र प्राप्तिका सबै संघर्षहरूमा सम्पूर्ण तराईका जनता र मेधेसीहरू सक्रिय योगदान गर्दै आए । हाम्रा संघर्ष, बलिदान र साहसिक सहभागितापूर्ण भूमिकालाई कसैले नकार्न सक्दैन। २०१५ सालको सत्याग्रह, २०१७ सालपछि तानाशाही पञ्चायती व्यवस्थाको विरोध, २०३६ सालको विद्यार्थी आन्दोलन र त्यसपछि विकसित जनविद्रोह, २०४६ सालको जनआन्दोलन र २०६२ चैतको आन्दोलनमासमेत मधेशीहरूको संघर्षशील र बलिदानी चरित्र स्पष्टत : बिम्बित भएको छ । जनकपुरमा एकलाखभन्दा बढी जनताले प्रतिगमन विरुद्ध निर्णायक संघर्षको घोष गरेपछिमात्र प्रतिगमन विरुद्धको लडाई निर्णयतर्फ अगाडि बढेको थियो । नेपालमा

> सर्वप्रथम राजतन्त्रको अन्त्यको शंखनाद अमर शहीद दुर्गानन्द झाको उत्सर्गबाट भयो तर राज्यसत्ताले उहाँप्रति श्रद्धाञ्जलीको एक सुमन अर्पित गर्न सकेको छैन। मधेसी जनता लोकतन्त्रको अभ्यासमा यावत सहयोग र सहभागिता प्रदान गरे पनि खस शासक समूहले मधेसी जनतालाई करदाता र मतदातामात्रै ठानि रहे।
>
> (वि.सं.२०६४ पुष १३ मा तराई मधेस लोकतानित्रक पार्टीले जारी गरेको अवधारणा पत्र)।

यो महन्थ ठाकुरलगायत काङ्ग्रेस छोडेर जानेहरूको सामुहिक आवाज थियो । नेपाली काङ्ग्रेसभित्रको अन्तरघाती प्रवृत्तिले गर्दा एमालेको सङ्ख्या मधेसमा थपिएकोसमेत छ।०४८ सालको आम निर्वाचनमा अहिलेको मधेस प्रदेशमा परेको मधेसका ८ जिल्लामा ३७ वटा निर्वाचन क्षेत्रहरू थिए। निर्वाचनमा नेपाली काङ्ग्रेसले २७ र कम्युनिष्टहरूले ७ सीटमात्रै जित्न सकेका थिए। एमालेले ५ सीटमात्र जितेको थियो तर त्यो रौनक त्यसपछाडि मधेसमा नेपाली काङ्ग्रेसले देखाउन सकेन। वि.सं. २०५१ मा भएको मध्यावधि निर्वाचन होस् या तेस्रो संसदीय चुनाव०५६ साल होस्, नेपाली काङ्ग्रेस ओरालो लाग्न थालेको थियो। अझ वि.सं. २०६४ सालको पहिलो संविधानसभा निर्वाचनमा त नेपाली काङ्ग्रेसका धेरै नेताहरू पार्टी छाडेर तमलोपा, मधेसी जनअधिकार फोरमलगायतका मधेस केन्द्रित दलहरूमा गएर निर्वाचन जिते।

राजा महेन्द्रले नेपाली काङ्ग्रेसका नेताहरूलाई थुनेपछि र भारतले सन् १९६२ को अन्यतिर नेपाली काङ्ग्रेसलाई आफ्ना सशस्त्र गतिविधि बन्द गर्न लगाएपछि पहिले नेपाली काङ्ग्रेसको प्रभुत्व रहेका ठाउँमा कम्युष्टिहरूले लोकप्रियता हासिल गरेका थिए। काङ्ग्रेसले सीमापारिका भारतीय सहरबजारमा आफ्ना सम्पर्क कार्यालय खडा गरेर तराईमा पार्टीका पर्चाहरू छरेका छन् तर त्यो पार्टीले सांगठानिक गतिशिलता गुमाएको छ (गेज, २०१३)। गेजको विश्लेषणलाई हेर्दासमेत जब जब भारतले नेपाली काङ्ग्रेसलाई साथ दिएको छ, त्यसवेला मधेसमा काङ्ग्रेसको सङ्गठन बढेको छ भने जब जब भारतले राजा र मधेस केन्द्रित क्षेत्रीय दलहरू वा माओवादीलाई साथ दिएको छ त्यसवेला नेपाली काङ्ग्रेसले तराईमा प्रभुत्व जमाउन असफल भएको देखिएको छ।

तराईका नागरिकहरू भूमिसुधारका कारण सरकारसँग रिसाएका थिए जसले नेपाली काङ्ग्रेसाई तराईमा आन्दोलनका लागि आधार त पाएको थियो तर भारतीय सीमासँग जोडिएकोले भारतको सहयोगविना यो सम्भव थिएन।

आफ्नो स्थापना कालदेखि आजसम्म नेपाली काङ्ग्रेसको शक्तिको मुख्य केन्द्र मधेस रहेको छ (गिरि, २०६४)। अहिले पनि नेपाली काङ्ग्रेसमा मधेसीमूलका नेता र कार्यकर्ताहरूको विशाल सङ्ख्यात्मक उपस्थिति छ तर राजनीतिमा सदासर्वदा सङ्ख्यातन्त्र हावी भइरहँदैन। सानो राजनीतिक आँधीको अगाडि नै विशाल सङ्ख्याको बल हतप्रभ हुन पुग्छ (गिरि, २०६४)। काङ्ग्रेसले मधेसलाई सम्वोधन गरेर भन्नुपर्ने कुरा अनेक छन्। आफ्ना कुरालाई काङ्ग्रेसले स्पष्ट एवम् जोडदार रूपमा भन्न सकेन भने काङ्ग्रेसलाई अप्ठ्यारो हुने पक्का छ (गिरि, २०६४)। मधेसले भाषा, संस्कृति र जातीयतामा आधारित विभेद भोगेको महसुस गरिरहेको छ। साँचो राष्ट्रियता जहिले पनि आम जनताको आकांक्षा, हकअधिकार र स्वतन्त्रतामाथि आधारित हुन्छ तर संकीर्ण र विकृत राष्ट्रियता भने जनताको अधिकार कुल्चिएर उफ्रन्छ (गिरि, २०६४)। गिगिको यस्तो विश्लेषण विसतारै सार्थक सिद्ध हुँदै गएको देखिनछ। उनले लेखेका छन् -

> नेपाली काङ्ग्रेससँग जोडिएका धेरै विषयहरू मधेसमा छ। मधेसमा के छैन, सबथोक छ। आशा छ। आत्मविश्वास छ। साहस छ। लामो समय सुतेर उठेका तन्नेरीहरूको जोश र जाँगर छ। सहिद दुर्गान्द

> झाको आदर्शकको उदाहरण छ । अन्य ज्ञात र अज्ञात सहिदको सम्झना छ । हनुमाननगर काण्डपछि जयप्रकाश नारायणलाई छुटाउन अघि सरेका योद्धाहरूको स्मृति लेख छ । ररामेश्वरप्रसाद सिंह रामनारायण मिश्र, महेन्द्र नारायण निधि, अरविन्द ठाकुरदेखि लिएर सूर्यनाथ राय रामबृक्ष यादवसम्मका त्यागी, लडाका गौरवशली उदाहरणले मधेस विद्रोहलाई यहाँसम्म ल्याएको छ। (गिरि, २०६४ः ५९) ।

हो, गिरिले भनेजस्तो मधेसमा विद्रोह हुनमा कुनै न कुनै रूपमा स्वयं नेपाली काङ्ग्रेस पनि दोषी छ। नेपाली काङ्ग्रेसबाट धैरै अन्य पार्टीमा गएका थिए। सुरुमा गजेन्द्र नारायण सिंह गए। वि.सं. २०४८ मा मृगेन्द्र कुमार सिंह सदभावना पार्टीमा गए (बीरवल विराजी, अन्तर्वार्ता, २०८२ असार २०) । उनी वि.सं. २०५३ सालमा राष्ट्रिय सभामा चुनाव लडेका थिए।

परशुनारयण चौधरीले नेपाली काङ्ग्रेस पार्टी छोडेपछि काङ्ग्रेसबाट खुसीलाल मण्डलसमेत पार्टी छोडेर गए। सप्तरी १ नं.मा राम कुमार चौधरीले वीरवल विराजीको टिकट खोजेर देव नारायण मण्डललाई नोमिनेशन गराएका थिए । यसरी काङ्ग्रेसमा सुरुमा गजेन्द्र नारायण सिंहलाई टिकट नदिएपछि र पछिल्लो समयसमेत गुटबन्दीका कारणले एकअर्कोलाई अन्तर्घात गर्ने चलन चल्यो ।

नेपाली काङ्ग्रेस पार्टीको विभिन्न तहका कमिटीहरू मनमानी ढंगले गठन हुन थाल्यो । पार्टीमा नभएकोलाई ल्याएर घुसाएर अरूको बर्चस्व भयो। नेपाली काङ्ग्रेसको भोट बैंक हाम्रो मधेसमा हो तर बीपीले भन्ने गरेका थिए। तपाईहरू सङ्गठन बनाउनु हामी मधेसको सङ्गठनबाट सरकार बनाउँछौ बीरवल विराजी, अन्तर्वार्ता, २०८२ असार २०) ।

नेपाली काङ्ग्रेस भित्र भएको गुटबन्दी, सिद्धान्त बुझेर आउने भन्दा सामाजिक प्रतिष्ठाका लागि राजनीतिमा आउन चाहनेहरूलाई चुनावमा जित्नका लागि पैसा खर्च गर्नसक्ने व्यक्तित्वको खोजी गर्दै पार्टी प्रवेश गराउने अभियान चलेपछि पुराना, आदर्शवादी, सिद्धान्तमा अडिग भएर पार्टीभित्रै बस्नेहरूको सङ्ख्या न्यून भयो, बी.पी. कोइरालाकै शब्दमा भन्नुपर्दा सुकिलामुकिलाहरूको नेपाली काङ्ग्रेसमा हावी भएकोले संङ्गठन निर्वाचनका लागि सहायक तत्त्वका रूपमामात्र रहन गयो । 'मसल र मनि'तर्फ नेतृत्व वर्ग आकर्षित भएपछि मधेसमा काङ्ग्रेसको सङ्गठानिक अवस्था तरल स्थितिमा पुगेको हो।

## निष्कर्ष

नेपालमा प्रजातन्त्रका नाममा धैरै खाले आन्दोलनहरू भए। राणाशासनको विरुद्ध आन्दोल भएदेखि मधेसले नेपाली काङ्ग्रेसलाई साथ दिन थालेको हो । विशेष गरेर २००७ सालसम्म राणाशासनको अन्त्यका लागि र पछि प्रजातन्त्र राजाले आफ्नो हातमा लिएकाले पुनः प्रजातन्त्र स्थापनाका लागि वि.सं. २०१८ साल र पछि वि.सं. २०३१ सालमा सशस्त्र आन्दोलन गरेको थियो । काङ्ग्रेसले सशस्त्र आन्दोलन गर्दा होस् वा अन्य किसिमका आन्दोलनहरूमा सरकारी निकायले जुलुसमा होस् वा घरमा सुतिरहेको अवस्थामा होस् वा कतै अभियानमा एक्लै वा समुहमा जाँदै गर्दा पक्राउ गरेर यातना दिएर मार्ने वा हूलमै गोली चलाएर मार्ने तथा धैरै यातना दिएर मृत्युवरण गर्न बाध्य तुल्याउने किसिमले शहीद बनाउने काम गऱ्यो । यस्ता घटनाहरू मधेसमा प्रशस्त भएको पाइएको छ। नेपाली काङ्ग्रेसको नाममा मधेसमा भएका विद्रोह र यसलाई दमन गर्न रणा र पञ्चायत सरकारले गरेका क्रियाकलापलाई हेर्दा मधेसले सिँगो नेपाली काङ्ग्रेसको आन्दोलनलाई थेगेर राखेको रहेछ भन्ने देखिएको छ।

मधेसीहरू माथि गरिएको ज्यादती हेर्दा राणा या पञ्चायत शासक दुबैका प्रशासकहरू मधेसीमूलका भनेपछि अलिक दुर्व्यवहार, शंकाउपशंका बढी गरेर हो कि धेरै मधेसीहरूको मृत्यु भएको देखिन्छ। भारतमा निर्वासनमा बसिरहेका नेता कार्यकर्ताहरू गोप्य रूपमा कहिलेकाँही घर वा पार्टीका कामले आउँदा सुराकी लगाएर पक्राउ गर्ने वा सुराकीलाई नै डाकाको रूपमा पठाएर मार्न लगाउने काम पनि गरिएको पाइएको छ। मधेसमा प्रहरीले हत्तपत्त गोली चलाई हाल्ने प्रचलनसमेत बढी भएर कतिपय घटनामा मधेसी प्रजातन्त्रप्रमीहरूले शाहदत प्राप्त गर्न परेको देखिएको छ। मधेसका नेपाली काङ्ग्रेसका नेता र सदस्यहरूले नेपाली काङ्ग्रेस पार्टीभित्रका अवसरहरू राम्रोसँग प्रांप्त गर्न नसकेको गुनासो आइरहेको पाइन्छ। यस्तो अवस्थामा मधेसीहरूलाई पनि नेपाली काङ्ग्रेसको पार्टीभित्र र विभिन्न अवसरहरूमा मूलधारमा ल्याउने रणनीति अवलम्बन गरिएन भने काङ्ग्रेस झन झन साङ्गठनिक रूपमा मधेसमा कमजोर हुने लक्षणहरू देखा परेको छ।

नेपाली काङ्ग्रेसले नै साँचो अर्थमा मधेसको प्रतिनिधित्व गर्नसक्छ। अहिलेको जनमतका आधारमा नेपाली काङ्ग्रेसले मधेसी दललाई पर्गेल्नुभन्दा पनि मधेसी जनताको विश्वास हासिल गर्ने अग्रसर हुनुपर्दछ। मधेसका मुद्दाहरूमा लागेर त्यसको स्वामित्व ग्रहण गर्न सक्नुपर्छ। नेपालको राजनीतिमा मधेसको भूमिका निर्णायक हुने अवस्था सृजना भइसकेको अवस्थामा नेपाली काङ्ग्रेस एकपटक मधेसको सवालमा मिहिन रूपमाा लाग्न सकेर उनीहरूको आत्मसम्मान र अवसरका लागि काङ्ग्रेस नेतृत्वकर्ता लागि परेको अनुभूति मधेसीमूलका नेपाली नागरिकमा आउने गरी गतिविधि थाल्नुपर्दछ।

सिरहाका सुरेशचन्द्र दासका वि.सं. २०१५ को चुनावमा सांसद जितेर मन्त्रीसमेत भएका थिए तर मधेसमा भएको गुट उपगुटको सिकार भएका उनका छोरा सुरेशचन्द्र दासले सुरुसुरुमा नेपाली काङ्ग्रेसबाट सांसदको टिक पाएर जीतेपनि पछि काङ्ग्रसले टिकट नदिएपछि नेकपा माओवादी केन्द्रबाट टिकट लिएर सांसद भएरै छाडे। मधेसमा सिद्धान्तमा अडिग रहने नेताभन्दा निर्वाचनमा टिकट नपाएर काङ्ग्रेस छोड्नेहरू धेरै छन्। यसरी काङ्ग्रेस छोडेर मधेस केन्द्रित दलहरूमा, एमाले र माओवादी केन्द्रमासमेत गएका छन्। त्यसलै नेपाली काङ्ग्रेसको नेतृत्व पक्षले मधेसको नेता कार्यकर्ताहरूलाई सही ढङ्गले व्यवस्थापन गर्न सकेनन्। यसले मधेसमा नेपाली काङ्ग्रेस खस्कदो अवस्थामा छ।

## सन्दर्भग्रन्थ सूची :

अधिकारी (शास्त्री), हेमराज (वि.सं.२०५८), आजको नेपाल (प्रजातान्त्रिक आन्दोलनको अन्वेषणात्मक र अनुसन्धानात्मक इतिहास), चन्द्रकला अधिकारी।

अक्षर मासिक, वर्ष २८, अङ्क ८, २०६७ फागुन।

कार्की, गोविन्दमान सिंह (२०६०), वि.सं. २००७ सालको जनक्रान्तिमा भोजपुर, त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत इतिहास विषयमा विद्यावारिधि उपाधिका लागि प्रस्तुत, शोधग्रन्थ।

के.सी., खगेन्द्रबहादुर (२०७३), २००७ सालको क्रान्ति र २०१७ सालको कू, सत्याल प्रकाशन प्रा. लि.।

गिरी, प्रदीप (२०६४), काङ्ग्रेस, बी.पी. र वर्तमान राजनीति, दीपक हमाल।

गिरि, प्रदीप (२०६४), मधेसी अस्मिताको खोजी रामपल्टन साह।

गेज, फ्रेडरिक एच. (सन् २०१३) नेपालमा क्षेत्रीयता र राष्ट्रिय एकता, हिमाल किताब प्रा.लि., सोशल

साइन्सवहाः र नेपाल मधेश फाउडेशन ।

गौतम राजेश (२०५५),नेपालको प्रजातान्त्रिक आन्दोलन र नेपाली काङ्ग्रेस, श्रीराम श्रेष्ठ र कृष्ण मुरारी अधिकारी ।

गौतम राजेश (२०६६), नेपालको प्रजातान्त्रिक आनदोलन र नेपाली काङ्ग्रेस, भाग २, कृष्ण मुरारी अधिकारी र श्रीराम श्रेष्ठ ।

गौतम राजेश (२०७१), नेपालको प्रजातान्त्रिक आन्दोलन र नेपाली काङ्ग्रेस (पटना सम्मेलनदेखि सशस्त्र आन्दोलन २०१८ को स्थगनसम्म) भाग -३, इला, शोभेन्द्र, निसिम ।

गौतम, बद्रीनारायण (२०७७), शान्तिपूर्ण आन्दोलनमा : नेपाली काङ्ग्रेस(मेलमिलापदेखि सत्याग्रहसम्म), शिखा बुक्स ।

गौतम, बद्रीनारायण (२०७७), गणेशमान सिंह र नेपालको प्रजातान्त्रिक आन्दोलन (राणा काङ्ग्रेस सरकारदेखि पहिलो जननिर्वाचित सरकारसम्म), शिखा बुक्स ।

जनता दैनिक, वर्ष ३, सङ्ख्या १४८, २०१७ भाद्र १० गते, पृ. १ ।

जोशी रामहरी (२०६७), आत्मकथा तथा नेपाली काङ्ग्रेससँग गाँसिएका सम्झनाहरू, विष्णु जोशी ।

भट्टराई, मणिराज (२०५२), शहीद स्मृति ग्रन्थ भाग-१, ध्रुबराज घिमिरे र बसन्त घिमिरे ।

तराई मधेश लोकतान्त्रिक पार्टीको अवधारणापत्र (२०६४) पुस १३ गते ।

दाहाल, बालकृष्ण (२०७२) प्रजातन्त्र सेनानी, सहिद लीला-यशोदा दाहाल स्मृति प्रतिष्ठान र नेपाल प्रजातन्त्र सेनानी सङ्घ केन्द्रीय कार्यालय ।

दाहाल, मातृका (सन् २०२३), को रकमी, को सच्चा शहीद ?, शहीद स्मृति ग्रन्थ रामकुमार पाँडे (सम्पा.),शहीद चिनियाँलाल तथा उपा सिंह स्मृति प्रतिष्ठान, पृ. २१६ -२१९ ।

दुर्गा, सुवेदी (२०७५), विमान विद्रोह एउटा राजनीतिक अपहरणको बयान, किताब पब्लिसर्स प्रालि ।

पंगेनी, भवेश्वर (२०५३), पश्चिम नेपालमा प्रजातान्त्रिक आन्दोलन, २००७, शोभादेवी भोलानाथ ट्रष्ट ।

मिश्र, विजयप्रसाद (२०७६), प्रजातान्त्रिक आन्दोलन र रामनारायण मिश्र, वासुदेव खनाल (सम्पा.), नेपालको प्रजातान्त्रिक आन्दोलनका वीर योद्धाहरू, बी.पी. विचार राष्ट्रिय समाज, पृ.१७-४४ ।

मिश्र रामचन्द्र (२०५३), अध्यात्मचेता राजनेता श्री रामनारायण मिश्र जीवन एवम् बिचार, श्री अरविन्द साधना कुटीर ।

यादव रामरिझन (सम्पा.) (२०५५), नेपालको मधेशी समुदायको समस्या र समाधानको बाटो, मिथिला टाइम्स प्रकाशन ।

शर्मा, भावना (सन् २००८), गणतन्त्रका प्रणेता रामराजा प्रसाद सिंह, प्रज्ञा फाउण्डेशन ।